आज मिति २०८१/०७/२७ गतेका दिन तमानखोला गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको चौथो वैठक तपशिल बमोजिमको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री जोकलाल बुढा | अध्यक्ष तमानखोला गाउँपालिका | अध्यक्ष |
| श्री हिरा कुमारी छन्त्याल | उपाध्यक्ष तमानखोला गाउँपालिका | सदस्य |
| श्री थम बहादुर रोका | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. १ | सदस्य |
| श्री नारायण सुनार | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. २ | सदस्य |
| श्री झक बहादुर बुढा | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ३ | सदस्य |
| श्री छ प्रसाद श्रीपाली | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ४ | सदस्य |
| श्री हिरा बहादुर वि.क. | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ५ | सदस्य |
| श्री चित्र बहादुर छन्त्याल | अध्यक्ष तमानखोला गाउँपालिका वडा नं. ६ | सदस्य |
| श्री देवसरा वि.क. | कार्यपालिका सदस्य | सदस्य |
| श्री मन कुमारी बुढाथोकी | कार्यपालिका सदस्य | सदस्य |
| श्री भिम कुमारी छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मिना कुमारी कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री हिक्मत जक्तपुरी | कार्यपालिका सदस्य | सदस्य |
| श्री ढालेन्द्र छन्त्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री ईश्वरलाल शाक्य | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

अन्य उपस्थिति :-

| | |
|---|---|
| श्री मुना विश्वकर्मा | प्रशासन सहायक पाँचौ |

**आज मिति २०८१/०७/२७ गतेका दिन कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु :-**

**प्रस्ताव नं.१ :**
अघिल्लो बैठकका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
**प्रस्ताव नं.२ :**
तमानखोला गाउँपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।
**प्रस्ताव नं.३ :**
सडक बोर्ड नेपालको योजना, कार्यक्रम सहमति तथा बजेट स्वीकृती सम्बन्धमा ।
**प्रस्ताव नं.४ :**
नि : शुल्क आँखा उपचार शिविर सञ्चालन सम्बन्धमा ।
**प्रस्ताव नं.५ :**
दलित विकास, महिला विकास, जनजाती विकास समिति सञ्चालन कार्यविधी, २०८१ सम्बन्धमा ।
**प्रस्ताव नं.६ :**
तमानखोला गाउँपालिकाको राष्ट्रिय वन क्षेत्र भित्र पर्ने योजनाहररु सञ्चालन सम्बन्धमा ।
**प्रस्ताव नं.७ :**
विविध सम्बन्धमा ।
१) झोलुङ्गे पुलहरुको मर्मत संभार सम्वन्धमा ।

CamScanner

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अगाडिको कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा व्यापक छलफल सहित समिक्षा साथै प्रभावकारी कार्यान्वयन गर्नमा सबैले जोड दिने निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिको आ.व. २०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मंसिर महिना २२ गतेका दिन तमानखोला गाउँपालिका वडा नं. ३ तमानमा गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्ड नेपालको च.नं. ४३९ मिति २०८१/०३/१३ गतेको आ.व. २०८१/०८२ को बजेट स्वीकृती सम्बन्धमा लेखि आएको पत्रानुसार सडक मर्मत संभार कार्यका लागि यस कार्यालयले ब्यहोर्नुपर्ने २० प्रतिशत रकम रु. २,००,०००।- (अक्षरुपी दुई लाख रुपैया मात्र) आ.व.२०८१/०८२ को समपुरक कोषबाट ब्योहोर्ने गरी यस तमानखोला गाउँपालिका वडा नं.१ मा पर्ने पुरानो गाउँ सेन्नामा सडक मर्मत संभार कार्य गर्नका लागि सडक बोर्ड नेपालमा सहमतिका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तमानखोला गाउँपालिकाको आयोजनामा निःशुल्क स्वास्थ्य शिविर कार्तिक महिनाको २८ र २९ गते सञ्चालन गर्ने तथा मोतियाविन्दुको अप्रेसन गर्नु पर्ने विरामीको लागि तमान स्वास्थ्य चौकीमा जान आउनका लागी यातायातको सुविधा समेत कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा तमानखोला गाउँपालिकाको दलित विकास, महिला विकास, जनजाती विकास समिति सञ्चालन कार्यविधी, २०८१ निर्माणका लागि तपसिल बमोजिमका व्यक्तिहरु रहने गरी कार्यविधि निर्माण कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल :

- हिरा बहादुर वि.क. (वडा नं. ५ वडा अध्यक्ष)
- भिम कुमारी छन्त्याल (कार्यपालिका सदस्य)
- झक बहादुर बुढा (वडा नं. ३ वडा अध्यक्ष)
- ईश्वरलाल शाक्य (प्रमुख प्रशासकीय अधिकृत)

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तमानखोला गाउँपालिकाको आ.व. २०८१/०८२ का तपसिल बमोजिमका पूर्वाधार विकास आयोजनाहरु नेपाल सरकारको राष्ट्रिय वन क्षेत्र भित्र पर्ने भएको हुँदा पूर्वाधार विकास कार्यालय बागलुङको च.नं. १६८ मिति २०८१/०७/०८ गतेको पत्रानुसार योजना कार्यान्वयन सम्बन्धमा लेखि आएकाले उक्त क्षेत्रमा पूर्वाधार निर्माणको कार्य गर्दा कुनै पनि हेभि इक्यपमेन्टको प्रयोग नगरीने तथा रुख विरुवाको विनाश नगरी कार्य अगाडी बढाइने भएकाले उक्त योजनाहरु सञ्चालन तथा कार्यान्वयनका लागि नियमानुसारको कार्य प्रक्रिया अगाडी बढाउन सम्बन्धीत निकायमा लेखी पठाउने निर्णय गरीयो ।

तपसिल :

१. लाम्मेला सोले पर्यटकीय पार्क निर्माण गापा ४
२. बयली कृषि पर्यटन पूर्वाधार निर्माण

CamScanner

**निर्णय नं. ७ :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस तमानखोला गाउँपालिका भित्र जिर्ण तथा मर्मत गर्नुपर्ने अवस्थामा रहेका झोलुङ्गे पुलहरुको मर्मत संभार कार्य गर्नका लागि यस गाउँपालिकाका प्राविधिकहरु तत्काल परिचालन गरी सर्भे गर्ने र त्यसको प्रतिवेदन आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरीयो ।

CamScanner